STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख ७ गते बुधबार ❑ 20 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## गठबन्धन टुटाउने षड्यन्त्र भइरहेको छ : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, ६ बैशाख**

नेपाली कांग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले गठबन्धन टुटाउने षड्यन्त्र भइरहेको बताउनुभएको छ। नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घको ५३ औँ वार्षिकोत्सवको अवसरमा मंगलबार यहाँ आयोजित कार्यक्रममा बोल्दै उहाँले गठबन्धन टुटाउने षड्यन्त्र भइरहेको भन्दै यसप्रति सजग हुनुपर्ने बताउनुभएको हो।

"गठबन्धनले कांग्रेसलाई फाइदा पुगेको छ, धेरै प्रदेशमा मुख्यमन्त्री र मन्त्री पाएका छौँ, कांग्रेसमा मैले राम्रो काम गरेजस्तो लाग्छ, गठबन्धन अहिले तोड्नु हुँदैन, निर्वाचनमा एक्लै कुनै पार्टीको बहुमत ल्याउने अवस्था छैन, त्यसैले गठबन्धनलाई अगाडि लिएर जानुपर्छ," प्रधानमन्त्री देउवाले भन्नुभयो। सभापति देउवाले जबसम्म गाउँ र स्कूल तहमा नेविसङ्घ गठन हुन सक्दैन तबसम्म नेविसङ्घ बलियो हुन नसक्ने बताउनुभयो। "नेविसङ्घको सङ्गठन देशभरका कलेज र क्याम्पससम्म फैलिएको छ, तरपनि हामी किन स्ववियु निर्वाचनमा हारिरहेका छौँ, यसबारे नेविसङ्घ गम्भीर हुनुपर्छ, स्कूल जित्न सकेमात्र कलेज र क्याम्पसमा जित्न सक्छौँ ," उहाँले भन्नुभयो। गाउँगाउँ र स्कूल स्कूलसम्म नेविसंघ बनाउन लाग्नुपर्ने उहाँको भनाइ थियो।

सभापति देउवाले पार्टीभित्र भागवण्डामा झगडा हुने भएकाले नेविसङ्घको कार्यसमिति विस्तारमा समस्या हुने गरेको बताउनुभयो। उहाँले आफू नेविसङ्घको अध्यक्ष भएर प्रधानमन्त्री भएको बताउँदै अब मन्त्री, प्रधानमन्त्री र राष्ट्रपति बन्ने पालो युवा विद्यार्थीको भएको बताउनुभयो।

"राजनीति गरेर मात्र अब चल्दैन पढाइसमेतमा योग्य हुनुपर्छ", सभापति देउवाले भन्नुभयो। कांग्रेस एक भएर अगाडि बढे आगामी निर्वाचनमा कुनै शक्तिले हराउन नसक्ने दावी समेत उहाँले गर्नुभयो। स्थापना दिवसको उक्त कार्यक्रममा सभापति देउवाले नेविसङ्घका संस्थापक सभापति विपिन कोइराला, उपसभापति सनद रेग्मी, महामन्त्री टिका पोखरेल, सदस्य रामचन्द्र पौडेल, सुरेन्द्रबहादुर विष्ट, केदार न्यौपाने, भरत पाण्डे, दामोदर गौतम, चक्रराज पन्त, बसन्त गुरुङ, राजन्द्रबहादुर शाहलगायतलाई सम्मान गर्नुभएको थियो।

## स्थानीय जनप्रतिनिधिले पुन: उम्मेदवारी दिन पदबाट राजीनामा दिनुपर्ने

**रासस**
**काठमाडौं, ६ बैशाख**

सर्वोच्च अदालतले यही वैशाख ३० गते तय भएको स्थानीय तहको निर्वाचनमा निर्वाचन आयोगले तोकेको आचारसंहिता पूर्णरूपमा कार्यान्वयन गर्न आदेश दिएको छ।

न्यायाधीशद्वय तेजबहादुर केसी र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले आज उक्त विवादमा परेको रिट निवेदन खारेज हुने फैसला सुनाएपछि आयोगको आचारसंहिता पूर्णरूपमा कार्यान्वयन हुने भएको हो। अदालतको आदेशसँगै स्थानीय तहमा हाल कायम रहेका जनप्रतिनिधिले वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा पुनः उम्मेदवारी दिन पदबाट राजीनामा दिनुपर्ने भएको छ। निर्वाचन आयोगले स्थानीय तह निर्वाचन २०७९ का लागि जारी गरेको निर्वाचन आचारसंहिताको दफा ३६ मा जनप्रतिनिधिले स्थानीय निर्वाचनको उम्मेदवारको मनोनयन दर्ता गर्नुअगावै पदबाट राजीनामा गर्नुपर्ने व्यवस्था गरेको थियो। आयोगको आचारसंहिताको व्यवस्थाविरुद्ध सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले गत चैत ७ गते सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो। यसअघि न्यायाधीश बमकुमार श्रेष्ठको एकल इजलासले अन्तरकालीन अन्तरिम आदेश जारी गर्दै आयोगको आचारसंहिता तत्काल कार्यान्वयन नगर्न भनेको थियो। अदालतले आज उक्त रिट निवेदन नै खारेज गरेपछि उक्त निर्वाचन आचारसंहिता पूर्णरूपमा लागू हुने भएको छ। बहालवाला जनप्रतिनिधिले पदबाट राजीनामा दिएर मात्र पुनः उम्मेदवारी दिन पाउने भएका हुन्।

## पुम्दीकोटमा जारी महायज्ञमा ७७ लाख संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**

पोखरा २२ को पुम्दीकोटमा जारी महायज्ञमा ७७ लाख रुपैया संकलन भएको छ।

पुम्दीकोट कोट विकास समितिको आयोजनामा शिव महापुराण एवं धार्मिक पर्यटन महोत्सव अर्न्तगत मंगलबारसम्म ७७ लाख ८१ हजार रुपैया संकलन भएको महायज्ञका आर्थिक उपसमिति सदस्य भवनराज बराललले बताए। महायज्ञको तेश्रो दिन ३० लाख ८१ हजार संकलन भएको सदस्य बराललले जनाए। महायज्ञको तेश्रो दीनमा पोखरा न्यूर ोडको सिटिजन फर्निचर ट्रेड लिंक प्रा.लि.बाट ११ लाख ११ हजार १ सय ११ रुपैया प्राप्त भएको छ। काठमाण्डौं निवासी दील कुमारी देवकोटाबाट २ लाख २५ हजार, पोखरा ८ घर भई हाल अमेरीका रहेका अर्जुन ढकाल र बिष्णु बरालबाट २ लाख २५ हजार प्राप्त भएको समितिले



जनाएको छ। त्यसै गरी पोखरा ४ निवासी हाल अमेरीका रहेका विकास पराजुली र सृजना बराल पराजुलीबाट २ लाख २५ हजार, कास्कीको अन्नपूर्ण गाउँपालिका ३ निवासी कुशुम कुमार पौडेलबाट २ लाख २५ हजार ५ सय ५५ रुपैया संकलन भएको छ। त्यसै गरी कास्कीको माछापुच्छ्रे गाउँपालिका ६ धिताल निवासी मदन पौडेल र नानुमाया बराल (पौडेल) बाट २ लाख २५ हजार, पोखरा २२ कै धुर्वतारा आमा समुहबाट १ लाख २७ हजार १ सय २५, काठाण्डौंको बनस्थली निवासी नरेशराज घिमिरेबाट १ लाख ११ हजार १ सय ११ रुपैया संकलन भएको छ। दाताहरुलाई महायज्ञ स्थलमा पन्चे बाजागाँजा सहित भजन चुड्काको साथमा अभिनन्दन सहित सम्मान गर्ने गरिएको आर्थिक उपसमिति संयोजक डिल्लीराम बराललले बताए। बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म कथा प्रबर्चन, झाँकी प्रर्दशन हुने गरेको समितिका उपाध्यक्ष हिमलाल बराललले बताए। महायज्ञमा मुख्य बाचकको रुपमा भागवत भाष्कर युवा पण्डित कमलनयन गौतम रहेका छन्। बिशाल महादेवको मुर्ति परिमार्जीत परियोजना अर्न्तगत सुमेरु पर्वत नामाकरण गरी कुमार, पार्वतीको मुर्ति स्थापना गर्ने, भुमेश्वर महादेव देखि सुमेरु पर्वतसम्म बिद्युतीय चियर कार निर्माण गर्ने, गृनरी पार्क निर्माण गर्ने, व्यबस्थित पार्किङ स्थल निर्माण गर्ने लगायतका परियोजना रहेको समितिका अध्यक्ष चन्द्रकान्त बराललले बताए। ४० करोडको उक्त परियोजना अर्न्तगत ५१ फिट अग्लो महादेवको मुर्ति, ३१ फिट अग्लो बिशाल डम्मरु, बिशाल महादेवको बिशाल क्षेत्र कुण्ड(गंगा पोखरी), १ सय ८ स्वर्गद्धारी सिढि निर्माण भएको उनले जनाए। त्यसै गरी एक सय ८ धारा सडित तेश्रो आँखा, २ सय १६ शिव लिंग, शिव ताण्डव नृत्य हल, अन्तराष्ट्रिय ध्यान केन्द्र, मनोरेलद्धारा गणेश परिक्रमा, फुलमाला बिक्रिको लागि ४१ वटा सटर, कम्पाउण्ड वाल, प्रशासकिय भवन, सौचालय लगायतका भौतिक संचरना निर्माण भएको अध्यक्ष बराललले बताए। उक्त परियोजनाको करिब ५० प्रतिशत काम सकिदा करिब २० करोड लगानी भएको उनले जनाए।

## गभर्नरविरुद्धको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश

**रासस**
**काठमाडौं, ६ बैशाख**

सर्वोच्च अदालतले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीविरुद्ध छानबिन गर्न जाँचबुझ समिति गठन गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ। न्यायाधीश हरिप्रसाद फुयाँलको एकल इजलासले मंगलबार छानबिन गर्ने सरकारको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो।

आदेशमा भनिएको छ, "नेपालको संविधानको धारा १३२ (२) तथा धारा ३०४ (१) को प्रतिबन्धात्मक वाक्यांश तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २३ (१) (क) को विद्यमानताको अवस्थामा जाँचबुझ समितिले गठन भएको समेत देखिँदा नेपालको सरकारको २०७८/१२/२४ को निर्णय तथा अर्थ मन्त्रालयको मिति २०७८/१२/२५ निवेदकको नाममा जारी गरिएको पत्रचार तत्काल कार्यान्वयन नगर्नु।"

सरकारले छानबिन अघि बढाएर निलम्बनमा पर्नुभएका गभर्नर अधिकारीले बिना जानकारी र बिना स्पष्टीकरण आफूमाथि छानबिन गर्ने भनेर समिति गठन गरिएको उल्लेख गर्दै उक्त निर्णय खारेजीको माग गर्दै आइतबार सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो।

## संघले अधिकारमा अंकुश लगाउँदा क्षमता अनुसार काम गर्न सकिएन : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले संविधानप्रदत्त अधिकारमा समेत सङ्घ सरकारले अङ्कुश लगाउँदा प्रदेशले अपेक्षित काम गर्न नसकेको बताउनुभएको छ। गण्डकी प्रदेश समन्वय परिषद्को मंगलबार पोखरामा आयोजित बैठकमा उहाँले अधिकारका साथमा वित्तीय हस्तान्तरण न्यायोचित नभएको बताउनुभयो। अधिकांश स्रोत साधन आफैँसँग राख्ने र प्रदेश र स्थानीय तहलाई अड्कलेर वित्त हस्तान्तरण गर्दा समस्या परेको उहाँले बताउनुभयो।

बजेटको ठूलो हिस्सा सङ्घमा राखेर १५/१५ प्रतिशत बजेट मात्र प्रदेश र स्थानीय तहलाई प्राप्त हुने गरेको बताउँदै उहाँले यसले नागरिकका चाहना र विकासका आवश्यकता सम्बोधन गर्न समस्या परेको धारणा राख्नुभयो। निजामती सेवा ऐन सङ्घले ल्याउन नसक्दा कर्मचारी व्यवस्थापन ठूलो चुनौती बनेको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले भन्नुभयो, "हामीसँग प्रदेश लोकसेवा आयोग छ, स्वीकृत दरबन्दीमा प्रदेश र स्थानीय तहको मागअनुसार विज्ञापन गरेर अहिले धमाधम कर्मचारी सिफारिस भइरहेको छ। विडम्बना ती सिफारिस भएर नियुक्त भएका कर्मचारीको वृत्तिविकासका मार्ग पनि अवरुद्ध छन्। यस्तो किन भइरहेको छ ?" प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा प्रदेशको एकल अधिकारको क्षेत्र भए पनि अहिलेसम्म प्रहरी प्रदेश मातहत आउन नसकेको बताउँदै उहाँले शान्ति सुरक्षाको प्रभावकारिता र दिगोपनामा पनि प्रश्न सिर्जना भएको उल्लेख गर्नुभयो।

प्रदेशभित्रको राष्ट्रिय वन प्रदेशको एकल अधिकारकै सूचीमा रहे पनि वन ऐन अहिले प्रदेशका लागि ठूलो समस्या बनेर खडा भएको उहाँले बताउनुभयो। स्थानीय तहबाट प्रदेशले संविधानतः प्राप्त गर्नुपर्ने कतिपय स्रोत साधन स्थानीय तहबाट प्रदेशले पाउन नसकेको बताउँदै उहाँले यसतर्फ स्थानीय तहले सकारात्मक सोच राखिदिन अनुरोध गर्नुभयो। प्रदेशका आन्तरिक मामिलामन्त्री डोबाटे विश्वकर्माले प्रदेश र स्थानीय तहबीचको समन्वयले सङ्घीयताको कार्यान्वयन प्रभावकारी बन्ने बताउनुभयो। प्रमुख सचिव रविलाल पन्थ, जिल्ला समन्वय समिति बागलुङका प्रमुख राजेन्द्र ढुङ्गाना, कुश्मा नगरपालिका उपप्रमुख सीता काफ्ले लामिछाने, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवद्वय मनमाया पङ्गेनी र रामप्रसाद आचार्य, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा रघुराज काफ्लेलगायतले प्रदेश र स्थानीय तहबीचको समन्वय राम्रो हुनुपर्नेमा जोड दिनुभयो।

## आयोजना तथा कार्यक्रमको पहिचान र कार्यान्वयन गर्न समिति

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**

गण्डकी प्रदेश समन्वय परिषद्को बैठकले प्रदेश र स्थानीय तहको साझेदारीमा प्रदेश र स्थानीय गौरवका आयोजना र कार्यक्रम पहिचान र कार्यान्वयन गर्न समिति गठन गर्ने निर्णय गरेको छ।

मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको अध्यक्षतामा मंगलबार सम्पन्न बैठकले प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा समिति गठन गरेको हो। सदस्यमा सम्बन्धित पालिकाको प्रमुख वा अध्यक्ष, अर्थमन्त्रालयका सचिव, सम्बन्धित विषयगत क्षेत्र हेर्ने मन्त्रालयका सचिव र सदस्य सचिवमा प्रदेश नीति तथा योजना आयोगका सचिव रहने व्यवस्था छ। बैठकले गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले निर्धारण गरेका क्षेत्रगत लक्ष्यसँग तादम्त्यता हुने र दोहोरोपन नहुने गरी योजना तथा कार्यक्रम सञ्चालन गर्ने समन्वय एवं सहजीकरणलाई थप प्रभावकारी बनाउने निर्णय गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव मनमाया पङ्गेनी भट्टराईले जानकारी दिनुभयो।

यसअघिका बैठकका निर्णयअनुसार स्थानीय तहले प्रदेश सरकारको सञ्चित कोषमा दाखिला गर्नुपर्ने राजस्व रकम दाखिला गर्न अनुरोध गर्ने निर्णयसमेत भएको उहाँले बताउनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# व्यक्तिगत रूपान्तरण तथा तनाव व्यवस्थापन प्रशिक्षात्मक कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**

पोखरा विश्वविद्यालयले रजतजयन्तीको अवसरमा व्यक्तिगत रूपान्तरण तथा तनाव व्यवस्थापन विषयक एक दिवसीय प्रशिक्षात्मक कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा प्रा डा चिन्तामणि योगी र स्वामी योगानन्दले प्रशिक्षण दिनुभएको थियो ।

पोखरा विश्वविद्यालयका उपकुलति एवं रजतजयन्ती मूल तयारी समितिका अध्यक्ष प्रा डा प्रेमनारायण अर्यालले मान्छेको प्राण, कमाएको धन, सम्पत्ति र उसको भौतिक शरीरको कुनै ठेगान नभएको उल्लेख गर्दै उसले कमाएको नाम र प्रतिष्ठा अमर रहने हुनाले व्यक्तिगत चिन्ता र स्वार्थ छाडी सबै सत्कर्ममा लाग्नुपर्नेमा जोड दिनुभयो ।

विश्वविद्यालयको प्रतिष्ठा अभिवृद्धिका लागि सम्बन्धित सबैले अनावश्यक रिस, राग, द्वेष र घृणा छाड्नुपर्ने उल्लेख गर्दै उहाँले विश्वविद्यालय बनाउन सबै एकजुट हुनुपर्ने र एकले अर्कालाई विश्वासमा लिई काम गर्नुपर्नेमा जोड दिनुभयो । विश्वविद्यालयका रजिष्ट्रार डा दीपकबहादुर भण्डारीले कम्प्युटरमा हार्डवेयर र सफ्टवेयर भएजस्तै मान्छेको शरीररूपी हार्डवेयरमा काम नलाग्ने विचारलाई हटाई नयाँ-नयाँ सिर्जनात्मक एवं सकारात्मक सोचहरूले मस्तिष्कलाई समयानुकूल रूपान्तरण गर्नुपर्नेमा जोड दिनुभयो । विश्वविद्यालयमा सकारात्मक सोचको विकासका लागि यस किसिमका कार्यक्रम फलदायी हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । प्रशिक्षक डा चिन्तामणि योगीले मानिस परिवार मोह, माया प्रेम, तेरो मेरो, धन सम्पत्ति, प्रतिष्ठा आर्जनमै जीवन बिताउने गरेकाले उसले आफैँले आफूलाई चिन्न नसकेको तर्क राख्नुभयो । उहाँले मानिस अरूको कारणले नभई आफ्नै कर्मले दुःखी र चिन्तित रहने गरेको उल्लेख गर्नुभयो । डा योगीले पोखरा विश्वविद्यालय शिक्षा क्षेत्रको एउटा महत्वपूर्ण धरोहर भएकाले यसको प्रतिष्ठा अभिवृद्धि, सहयोग र सहकार्यका लागि आफू सधैँ लागिपर्ने बताउनुभयो ।

अर्का प्रशिक्षक स्वामी योगानन्दले मानिस तनावै तनावमा जीउने गरेको उल्लेख गर्दै दीर्घजीवनका लागि मानिसले तनावलाई व्यवस्थापन गर्नु अपरिहार्य रहेको उल्लेख गर्नुभयो । उहाँले योगा, भोजन शुद्धि, वाणी शुद्धि, परिवेश शुद्धि र सोचको सही प्रयोगले तनाव व्यवस्थापन गर्ने बताउनुभयो । उहाँले लफिङ थेरापी, मेडिटेशन र विभिन्न योगा विधिका बारेमा अभ्यास प्रदान गर्नुभएको थियो ।

पोखरा विश्वविद्यालय योजना तथा कार्यक्रम महाशाखा प्रमुख एवं कार्यक्रम संयोजक दीपकराज पौडेल, डा अर्जुनकुमार थापालगायतले जिम्मेवारीबाट पन्छिदैमा तनाव कम नहुने र जिम्मेवारी निर्वाह गर्नु पनि तनाव व्यवस्थापनको एक पाटो भएको बताउनुभयो । कार्यक्रममा विश्वविद्यालयका पदाधिकारी, शिक्षक, कर्मचारीलगायत लगभग २०० जनाको उपस्थिति थियो ।

# गण्डकी प्रदेशमा सातौं कृषि गणना सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**

सातौँ कृषि गणना मंगलबारदेखि सुरु भएको छ । कृषक परिवारको विवरणसँगै कृषि कर्मका हरेक विषय समेट्ने गरी थालिएको हो । नेपालमा विसं २०१८ देखि केन्द्रीय तथ्याङ्क विभागले हरेक १०-१० वर्षमा राष्ट्रिय कृषि गणना सञ्चालन गर्दै आएको छ ।

कृषि क्षेत्रको वास्तविक तथ्याङ्क पप्ता लगाउँदै यसको आधुनिकीकरण एवं व्यावसायीकरणलाई समेत जोड दिने सरकारको लक्ष्यअनुरुप २०७८ चैत २५ देखि वैशाख २ गतेसम्म तथ्याङ्क सङ्कलन गरिएको थियो । आगामी जेठ १९ गतेसम्म गणना जारी रहने छ । मुलुकको कूल गार्हस्थ उत्पादनमा एक चौथाइभन्दा बढी योगदान रहेको कृषि क्षेत्र यथार्थ विवरण सङ्कलन गर्नका लागि मुलुकका सातै प्रदेशका ७५३ पालिकाका छनोट गरिएका १३ हजार ५७८ गणना क्षेत्रबाट प्रतिनिधिमूलक नमूना सङ्कलन गर्न झण्डै तीन लाख ५० हजार कृषक परिवारको छनोट गरिएको छ । 'कृषि योजना र विकासको मूल आधार, पारौँ कृषि गणना २०७८ साकार' भन्ने मूल नाराका साथ सुरु भएको गणनाले कृषि क्षेत्रलाई आगामी दिनमा थप व्यवस्थित र प्रभावकारी बनाउने लक्ष्य लिइएको छ । गणनाअन्तर्गत कृषक परिवारले चलन गरेको जग्गाको उपभोक्ता र उपयोग, कित्ताको वितरण, सिँचाइ गरेको क्षेत्रफल, अन्नबाली, कोसेबाली, दलहन र कन्दमूल, तेल, नगदे, मसला बाली, फलफूललगायतले ओगटेको क्षेत्रफल तथा प्रमुख बालीहरूको उत्पादन, बीउबिजन, विषादी र मलखादको प्रयोग सम्बन्धमा तथ्याङ्क लिइने छ ।

त्यस्तै पाल्तु पशुपक्षीको सङ्ख्या, कृषि कार्यमा प्रयोग हुने भवन र संरचनाको अवस्था, कृषि औजार, माछापालन, मौरीपालन, च्याउखेती, पुष्पखेती, रेशमपालन, कषिमा ऋण, बीमा अनुदान, कृषिमा वातावरणको प्रभाव, खाद्यान्नको पर्याप्तता र परिवारका अन्य आर्थिक क्रियाकलाप, कृषि कामदारसँगै गणनामा महिलाको नाममा रहेको जग्गाको बारेमा समेत विवरण सङ्कलन गरिने बताइएको छ । गणना गरिने वडाको भूउपयोग, समुदायमा हुने प्रमुख कृषि उत्पादन र उत्पादकत्व, सम्बन्धी विकास कृषि कामदारको अवस्था र पारिश्रमिक, विपद्का घटनाले समुदायमा पारेको असर, सेवा सुविधा, कृषि बजार, विकास निर्माणका योजना, फोहर व्यवस्थापन, जङ्गली जनावरले कृषिमा गरेको क्षति, सामुदायिक कुकुर र गाईवस्तुको सङ्ख्या सङ्कलन गरिने गण्डकी प्रदेश कृषि गणना अधिकृत जगु वस्यालले जानकारी दिनुभयो । उहाँका अनुसार कृषि गणनाबाट प्राप्त तथ्याङ्कको प्रयोगले सरकारले परिकल्पना गरेको कृषि क्षेत्रको विकास एवं समृद्धिको लागि मद्दत पुग्ने विश्वासका साथ परिवार र समुदायमा आधारित कृषि कार्यमा काम अतिरिक्त सरकारी, अर्थसरकारी, सहकारी र संस्थागतरूपले सञ्चालन गरेका व्यावसायिक कृषि कार्यको पनि तथ्याङ्क सङ्कलन गरिने छ । हिमाल र पहाडका जिल्लामा कम्तीमा चार आना र तराईको हकमा आठ धुर क्षेत्रलफल बाली लगाएको भएमा वा जुनसुकै उमेरका कम्तीमा एकवटा गाईं, भैसीजस्ता ठूला चौपाया पालेको भएमा तथा पाँचवटा भेडाबाख्राजस्ता साना चौपाया पालेको भएमा एवं माउ चल्ला गरी कम्तीमा २० वटासम्म पाल्तु पक्षी पालेको भएमा गणनामा समेटिने भएको छ । वडास्तरमा छाडा चौपाया तथा कुकुरको समेत गणनाले समेटने छ । अर्ग्यानिक खेती प्रणालीको अभ्यास, विषादीको प्रयोगको कृषकको सचेतीकरणसहित जलवायु परिवर्तनले कृषि कार्यमा देखिएको प्रभाव, उत्पादनमा वृद्धि वा कमी, स्वादमा परिवर्तन, रोग किराको प्रकोप, बाली लाग्ने समयमा परिवर्तन, प्रजातिको लोप तथा उत्थानमा समेत कृषिकको सत्यतथ्य धारणा गणनामा आउने उहाँको विश्वास छ । तोकिएका घर तथा फार्ममा आउने गणकलाई आफ्नो कृषिका बारेमा सम्पूर्ण विवरण दिएर सहयोग गरिदिनु हुन अनुरोध गर्दै बस्यालले सुरक्षा निकाय, जनप्रतिनिधि, कर्मचारीलगायतको आवश्यक सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । गण्डकी प्रदेशमा अनुमानित ३२ हजार ७२५ फारम भर्ने कार्यक्रम रहेको छ ।

# युनाईटेडको वार्षिकोत्सवमा रक्तदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**

युनाईटेड क्लवले आयोजना गरेको रक्तदान कार्यक्रममा ५४ युनिट रगत संकलन भएको छ । क्लवले आफ्नो १२ औ वार्षिकोत्सवको अवसरमा आयोजनागरेकोसताब्यापीकार्यक्रम अन्तर्गत आयोजना गरिएको खुल्ला रक्तदान कार्यक्रममा ५४ जनाले रक्तदान गरेका हुन ।

नेपाल रेडक्रस सोसाईटी वडा नम्बर १० का सभापति सम्मर बहादुर श्रेष्ठले पहिलो रक्तदाता गणेश पौडेललाई ब्लड ब्याग हस्तान्तरण गरि सुरु भएको कार्यक्रममा ५४ जना युवा युवतीहरुले रक्तदान गरेका हुन । सो अवसरमा वोल्दै नेपाल रेडक्रस सोसाईटी वडा नम्बर १० का सभापति सम्मर बहादुर श्रेष्ठले युनाईटेड क्लवले सामाजिक काम मार्फत आफुलाई अब्बल दर्जामा चिनाउन सफल भएको वताए । क्लवले प्रत्येक वर्ष जस्तै १२ औ वार्षिकोत्सवको अवसर पारी सामाजिक सेवा दिने उद्देश्यले रक्तदान कार्यक्रमको आयोजना गरी रगतको अभावमा परेका विरामीहरुलाई सेवा प्रदान गरेकोमा धन्यवाद समेत ब्यक्त गरे । सो अवसरमा वोल्दै रक्तसञ्चार केन्द्रका प्राविधीक



महेन्द्र केसीले खेर जाने रगतलाई हरेक ३ महिनामा रक्तदानमा सहभागी भएर आफ्नो स्वास्थ्य संगै रगतको आवश्यक परेका विरामीलाई निशुल्क रगत प्रदान हुने भएकाले रक्तदानलाई जीवनदानको रुपमा समेत लिने गरेको वताए । युनाईटेड क्लवका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लवका सचिव दिनेश सुनारले स्वागत मन्तब्य राखेका थिएभने क्लवका सदस्य तथा रक्तदान कार्यक्रमका संयोजक जयराम आचार्यले धन्यवाद मन्तब्य ब्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन क्लवका महासचिव शान्ता बहादुर थापाले गरेका थिए । क्लवले १२ औ वार्षिकोत्सवको अवसर पारी साताब्यापी कार्यक्रम अन्तर्गत पहिलो दिन वैशाख १ गते पोखरा १८ मा रहेको बाल सुधार गृहमा खाद्यान्न वितरण, दोश्रो दिन वैशाख २ गते रामेश्वरी माविमा अध्ययनरत छात्राहरुलाई सेनेटरी प्याड वितरण , वैशाख ३ गते तेश्रो दिन सेती खोंच एक पर्यटकीय गन्तब्य विषयक वृहत अन्तरक्रिया, चौथो दिन सिद्ध माविमा अध्ययनरत विद्यार्थीहरुलाई साइबर क्राइम सम्बन्धी सचेतना र पांचौ दिन मौला ईस्लामिक मद्रसा आधार भुत विद्यालयमा शैक्षिक तथा खेलकुद सामाग्री वितरण गरेको थियो । क्लवले वैशाख ७ गते १२ औ वार्षिकोत्सव भब्यताका साथ मनाउदै छ ।

# संगम क्लवलाई नाइन ए साइड भेट्रान्स फुटबल प्रतियोगिताको उपाधि

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ बैशाख**

पोखरामा मंगलबार सम्पन्न भएको प्रथम नाइन ए साइड भेट्रान्स फुटबल प्रतियोगिताको उपाधि पोखराको संगम क्लबले जितेको छ । पोखरा रंगशालामा मंगलबार भएको फाइनल खेलमा संगम क्लव (बी) ले काठमाडौंको सानो गौचरन को टोलीलाई ३-० गोल अन्तरले पन्छाउर्दै उपाधि हात पारेको हो ।

संगमको जितमा लाल बहादुर खत्री, विजय गुरुङ र संजय गुरुङले एक/एक गोलको योगदान दिए । खेलको २० औं मिनेटमा खत्रीले पहिलो गोल गर्दा खेलको ३२ औं मिनेटमा विजय गुरुङ दोश्रो गोल गरी जित सुनिश्चित पारे । खेलको ३७ औं मिनेटमा सञ्जय गुरुङले एक गोल गरी गोल अन्तर फराकिलो पारे ।

गण्डकी प्रदेशको यूवा तथा खेलकुद मन्त्रालयले पहिलो पटक पोखरामा आयोजना गरेको उक्त प्रतियोगिताको विजेता टिम संगमले उपाधि सहित नगद ३ लाख प्राप्त गरेको छ भने उपविजेता रहेको सानो गौचरनले नगद १ लाख ५० हजारको साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो । प्रतियोगितामा संगम क्लवका बिजय गुरुङ उत्कृष्ट खेलाडी घोषित भए । उनले ट्रफीको साथमा नगद २० हजार प्राप्त गर्दा प्रतियोगितामा ४-४ गोल गरेका बगर भाई खलकका मनोज गुरुङ र संगम क्लवका नरेन्द्र जङ्ग गुरुङले जनही नगद ७ हजार ५ सय प्राप्त गरे । त्यसै गरी प्रतियोगितमा उत्कृष्ट डिफेन्डरमा संगमका विष्णुलाल श्रेष्ठ, उत्कृष्ट मिडफिल्डरमा संगमका महेन्द्र गुरुङ, उत्कृष्ट गोल रक्षकमा संगम क्लवकै खिम बहादुर गुरुङ, र उत्कृष्ट स्टाइकरमा सानो गौचरनका शुक्र तामाङ घोषित भए । उनीहरुले ट्रफीको साथमा जनही नगद १५ हजार प्राप्त गरे ।

विजयी खेलाडीहरुलाई गण्डकी प्रदेशका यूवा तथा खेलकुद मन्त्री राजिव गुरुङ, मन्त्रालयका सचिव बद्रिनाथ अधिकारी, प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, सदस्य सचिव तेज बहादुर गुरुङ, प्रतियोगिताका संयोजक दिल बहादुर गुरुङ लगायतले पुरस्कार वितरण गरे । प्रतियोगिताका संयोजक गुरुङको अध्यक्षतामा कार्यक्रम समापन भएको हो । यहि वैशाख २ गते बाट शुरु भएको प्रतियोगितामा १८ टिमको सहभागिता रहेको थियो ।


## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## गण्डकी प्रदेश, पोखरा

### सूचना

- यस मन्त्रालयले कृषितथा पशुपन्छी व्यवसाय सञ्चालनका लागि कृषि ऋण लिएका कृषकहरुलाई अधिकतम तीन वर्षका लागि ऋणको ५% (पाँच प्रतिशत) ब्याज रकम अनुदान उपलब्ध गराउँदै छ । त्यसैले यस अवसरबाट लाभान्वित हुन कृषि ऋण लिएका र हालसम्म ब्याज अनुदान नपाएका कृषि पेशासँग सम्बन्धित सबैमा अनुरोध गर्दछौं ।
- बाली तथा पशुपन्छी बिमा गरेका कृषकहरुलाई सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र मार्फत बिमा शुल्क (प्रिमियम) को २५% (पच्चीस प्रतिशत) रकम अनुदान उपलब्ध गराईने भएकोले बाली तथा पशुपन्छीको बिमा गरी जोखिम न्यूनिकरण गर्दै आफ्नो लगानी सुरक्षित गर्नुहुन अनुरोध गर्दछौं ।
- उल्लेखित कार्यक्रमहरुको बारेमा थप जानकारीका लागि मन्त्रालयको वेबसाइट www.molmac.gandaki.gov.np बाट कार्यक्रमसँग सम्बन्धित मापदण्डहरू डाउनलोड गर्न तथा सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
-चाणक्य

## सम्पादकीय

# उमेद्वार बन्न राजीनामा

स्थानीय चुनावमा उमेदवार हुन जनप्रतिनिधिले राजीनामा दिनुपर्ने निर्वाचन आचारसंहिता विरुद्ध सर्वोच्च अदालतमा परेको रिट खारेज भएकोछ। स्थानीय तहको जनप्रतिनिधिले उमेदवार बन्न राजिनामा दिनुपर्ने भएको छ। यसअघि सर्वोच्च अदालतले राजीनामा दिन नपर्ने अन्तरकालिन आदेश दिएको थियो । सर्वोच्चका न्यायायधीस तेज बहादुर के.सी. र तील प्रसाद श्रेष्ठको संयुक्त इजलासले सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले सर्वोच्च अदालतमा दायर गरेको रिट खारेज गरेर आयोगले जारी गरेको आचार संहिता कार्यान्वयन हुने भएको छ।

निर्वाचन आचारसंहितामा स्थानीय तहका जनप्रतिनिधिले आगामी स्थानीय चुनावमा उम्मेदवारको मनोनयन दर्ता गर्नुअघि पदबाट राजीनामा दिनुपर्ने उल्लेख छ । उक्त प्रावधान कानून विपरित भएको भनि रिट परेको थियो । निर्वाचन आयोगले पदिय दुरुपयोग नहोस भनि राजीनाम दिनुपर्ने आचार संहिता जारी गरेको थियो। निर्वाचन आयोगले संघ र प्रदेशको चुनावमा पनि अव मन्त्रीले पनि उमेदवार बन्न राजिनामा दिनुपर्ने नैतिक दवाव दिनेछ । वैशाख ३० गते हुने स्थानीय तह चुनावका लागि आयोगले जारी गरेको आचारसंहिता विगतको भन्दा कडा छ। अदालतको नजिरले नैतिक रूपमा स्थानीय तहका जनप्रतिनिधिले पदमा बसेर चुनाव लडन नसक्ने बनेको छ। स्थानीय तहका जनप्रतिनिधिले पदबाट राजीनामा नदिदा निर्वाचन प्रभावित हुन्छ भन्ने बुझाइ निर्वाचन आयोगको हो । संघीय र प्रदेश सरकारका मन्त्रीहरूले राजीनामा नदिई हेलिकोप्टरमा घुमेर प्रचार गर्दा निर्वाचन प्रभावित हुन्छ। तलकालाई कडाई गर्दा माथिकाले उन्मुक्ति नपाउनका लागि आयोगले एउटै मापदण्ड बनाउनु पर्दछ। वडाध्यक्षले प्रचार गर्दा निर्वाचन प्रभावित हुने मन्त्रीले प्रचार गर्दा केही नहुने सोचाई सानालाई ऐन, ठूलालाई चैन भनेझैं भएको छ।

निर्वाचनमा जाँदा मेयरले उपमेयरलाई र उपमेयरले मेयरलाई तथा गाउँपालिका अध्यक्षले उपाध्यक्षलाई र उपाध्यक्षले अध्यक्षलाई राजीनामा दिनुपर्ने कानूनी व्यवस्था छ। निर्वाचन आयोगले सबैलाई समान अवसरको लागि राजिनामा दिनुपर्ने प्रावधान सबैका लागि सबै तहमा हुनुपर्छ। निर्वाचन गराउन उमेदवार नहुनेलाई मन्त्री बनाउने परिपाटी बसाल्नु पर्छ । निर्वाचनमा राज्यको साधन स्रोत दुरुपयोग हुन नदिन उमेद्वार नहुनेलाई चुनावी सरकार बनाउने वातावरण राजनीतिक दलहरुले बनाउनु पर्दछ । खिलराज रेग्मीको सरकार जस्तै बनाउन निर्वाचन आयोगको आचार संहिता र सर्वोच्च अदालतको आदेशले बाटो देखाएको छ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सत्कार मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : झमेला बड्ने | धनु | : मन चञ्चल |
| कर्कट | : कार्यमा सफलता | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मौरीपालन व्यवसाय : महमा भन्दा घारमा नाफा

**पोखरापत्र संवाददाता**
**गलकोट, ६ बैशाख**

बागलुङ नगरपालिका-४ रमेटारस्थित खेतको डिलमा म्याग्दीका डिलबहादुर खत्रीका ११५ मौरीका घार छन् ।

खेतमा तोरी खेती हुने भएकाले मौरी चरनका लागि खत्रीले खेतको डिलमा मौरी राख्नुभएको छ । खत्रीको म्याग्दीको सुर्केमेलामा २० घार मौरी पाल्नुभएको छ।

म्याग्दीको बेनी नगरपालिका-४ स्थित सुर्केमेलामा ११ वर्षअघिदेखि सुन्तला खेती गर्दै आउनुभएका खत्रीले विसं २०७२ बाट मौरीपालन गर्न थाल्नुभएको छ । सन् २००२ मा इलेक्ट्रोनिक्स कामका लागि दुबई जानुभएका खत्री दुई वर्षमै नेपाल आउनुभयो।पुनःमलेसियाजानुभएका खत्री सन् २००९ मा मलेसियाबाट फर्कनुभयो। मलेसियाबाट फर्केपछि खत्रीको आफ्नै घरको पाखो बारीमा सुन्तला खेती गर्ने सोच पलायो। वैदेशिक रोजगारीमा राम्रो नभएपछि खत्री सुन्तला र पछि मौरीपालनमा आकर्षित भएको बताउनुहुन्छ । उहाँको १० रोपनी जग्गामा रहेका २०० सुन्तलाका बोटले आम्दानी दिइराखेका छन् । उहाँले यस वर्षमात्रै रु छ लाख सुन्तला बेचेरै भित्र्याउनुभएको थियो । सुन्तलामा मनग्य आम्दानी देख्नुभएका उहाँले घर नजिकैको १० रोपनी बाँझो जग्गा भाडामा लिएर अहिले २०० सुन्तलाका नयाँ बिरुवा लगाउनुभएको छ। खत्रीको घर बागलुङ नगरपालिका-४ रमेटारमा समेत छ । रमेटारमा मौरी र सुर्केमेलामा सुन्तला खेती विस्तारमा उहाँको ध्यान छ।

स्थानीय सेरेना जातको मौरीपालन गर्दै आउनुभएका खत्रीले दुई वर्षदेखि मौरीपालनको क्षेत्र बागलुङलाई रोज्नुभएको छ । उहाँले मौरीको महभन्दा मौरीसँगैको घार बिक्रीबाट मनग्य आम्दानी गर्दै आउनुभएको छ। खत्रीले गत वर्षमात्रै ११० मौरीसहितको घार बिक्री गरेर रु १० लाख ४५ हजार आम्दानी गरेको र एक क्विन्टल मह बिक्रीबाट रु एक लाख १३ हजार आम्दानी गरेको बताउनुभयो । "हाम्रो आम्दानी वार्षिक हुन्छ, यही वर्ष सुन्तला, मौरीको घार र मह बिक्री गरेर रु १७ लाखभन्दा बढी आम्दानी गरेको रहेछु", खत्रीले भन्नुभयो, "मेरो लगानी रु २० लाख पुग्यो, २०० सुन्तलाका बिरुवाले उत्पादन दिनै बाँकी छ, नयाँ सोचका साथ कृषिमा आएको थिएँ, राम्रो आम्दानी भएको छ, म्याग्दीमा सुन्तलाका लागि राम्रो मानियो भने बागलुङको रमेटारमा मौरीपालन ।" खत्रीले कृषि ज्ञान केन्द्र बागलुङ र म्याग्दीले किसानलाई दिने मौरीसहितको घार अनुदानका लागि दिन आफ्नै केसी मौरीपालन स्रोत केन्द्रबाट लैजाने गरेको बताउनुभयो। "महभन्दा मौरीसहितको घार बिक्रीमा फाइदा छ, मौरीसहितका घारलाई रु नौ हजार ५०० पर्छ, खाली घारलाई रु तीन हजार ५०० पर्छ । मह केजीको रु एक हजार ३०० पर्छ", खत्रीले भन्नुभयो, "मैले आफैं घार निर्माण गरेर मौरी व्यवस्थापन गर्दै आएको छु, मौरीसहितका घार र सुन्तला बिक्री नै मेरो मुख्य लक्ष्य हो।"

खत्रीले १० रोपनी बाँझो पल्टिएको जग्गालाई १५ वर्षका लागि वार्षिक रु २० हजारका दरले भाडा तिरेर सुन्तला खेती गर्दै आउनुभएको छ। मौरीको चरनका लागि तोरीखेती हुने क्षेत्र उपयुक्त हुने भएकाले रमेटारमा मौरीपालन व्यवसाय फष्टाएको उहाँको भनाइ छ।

मौरीपालन र सुन्तला खेतीमा श्रीमती खिरादेवी खत्रीले सघाउँदै आउनुभएको छ । श्रीमती रमेटार मौरी व्यवस्थापनमा हुँदा डिलबहादुर सुर्केमेलामा सुन्तला व्यवस्थापन गर्ने कार्यमा जुट्नुहुन्छ। सुन्तलाको फूल र तोरीको फूलका कारण मौरीपालन राम्रो हुँदै आएको छ। रमेटारमा भने उहाँले अर्कैको खेतमा मौरी व्यवस्थापन गर्दै आउनुभएको छ । घारलाई सजिलै स्थानान्तरण गर्न मिल्ने भएकाले चरनका लागि यताउता लैजान मिल्ने उहाँको भनाइ छ।

# ७२ घण्टाअघिदेखि नेपाल-भारत सीमानाका बन्द

**रासस**
**काठमाडौं, ६ बैशाख**

स्थानीय तह निर्वाचन हुनु ७२ घण्टा अघिदेखि नेपाल-भारत सीमा नाका बन्द गर्ने दुई देशका सुरक्षा अधिकारीको संयुक्त बैठकले निर्णय गरेको छ।

भारतको मधुवनी जिल्लास्थित जयनगरमा मंगलबार बसेको दुवै देशका सुरक्षा अधिकारीहरुको संयुक्त बैठकले यही वैशाख ३० गते हुने स्थानीय निर्वाचनको ७२ घण्टा अगाडिबाट सीमा नाका बन्द गर्ने निर्णय गरेको हो । खुल्ला सीमा नाकाका कारण निर्वाचनको बेला सुरक्षा चुनौती बढ्न सक्ने भएकाले ७२ घण्टा अगाडिदेखि सीमा नाका बन्द गर्ने निर्णय भएको धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिनुभयो।

बैठकमा सीमा वारपारको सम्बन्ध, दशगजाको अतिक्रमण, दशगजाको व्यवस्थापन, दुईपक्षको आन्तरिक सुरक्षा, तस्करी, लागुऔषध र मदिरा ओसार पसार नियन्त्रणलगायतका विषयमा पनि छलफल भएको प्रजिअ पौडेलले बताउनुभयो ।

बैठकमा नेपालतर्फको नेतृत्व प्रजिअ पौडेलले गर्नुभएको थियो भने भारततर्फको नेतृत्व मधुवनी जिल्लाका डिएम अमित कुमारले गर्नुभएको थियो ।

सो बैठकमा प्रजिअ पौडेलसहित सिरहाका प्रमुख जिल्ला अधिकारी लालबाबु कवाडी, सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम र महोत्तरीका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाललगायत चारै जिल्लाका सुरक्षा निकायका प्रमुखको सहभागिता रहेको थियो ।

# 'हाम्रो ताराखोला' लोकार्पित

**पोखरापत्र संवाददाता**
**गलकोट, ६ बैशाख**

ताराखोला गाउँपालिकाको चिनारी झल्काउने पुस्तक 'हाम्रो ताराखोला' सार्वजनिक भएको छ।

'ताराखोला-काठमाडौं विद्यार्थी मञ्च' द्वारा प्रकाशित पुस्तकको गाउँपालिका अध्यक्ष प्रकाश घर्तीलगायतले आज संयुक्तरूपमा लोकार्पण गर्नुभयो । पुस्तकमा ताराखोलाका विविध आयामबारे लेखिएका ५० भन्दा बढी लेखरचना समावेश गरिएको मञ्चका अध्यक्ष याम रोकामगरले जानकारी दिनुभयो । "ताराखोलाको इतिहास, भूगोल, कला, संस्कृतिलगायत विषयका लेखहरु पुस्तकमा सङ्गृहीत छन्", उहाँले भन्नुभयो, "ताराखोलालाई चिनाउने तस्वीर पनि राखेका छौं।"

पुस्तकमा ताराखोलामा जन्मनुभएका प्रा डा ओम गुरुङलगायत दिग्गज व्यक्तित्वका लेख पढ्न पाइने अध्यक्ष रोकामगरको भनाइ छ। तारोखोला घर भई काठमाडौंमा अध्ययनरत विद्यार्थीहरु मिलेर तिहारमा खेलेको देउसी भैलोबाट सङ्कलित (कात्तिके दान) रकमबाट पुस्तक प्रकाशन गरिएको मञ्चले जनाएको छ । पुस्तक लोकार्पणपछि बोल्दै गाउँपालिका अध्यक्ष घर्तीले ताराखोलाको पहिचान स्थापित गर्न पुस्तकले मद्दत पुर्‍याउने उल्लेख गर्नुभयो । अध्ययनका लागि काठमाडौं पुगेका विद्यार्थीहरुले आफ्नो जन्मगाउँका लागि गरेको रचनात्मक कामको उहाँले प्रशंसा गर्नुभयो ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १० दुचीमार्ग दुचीटोल भित्री बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम: दुचीमार्ग दुचीटोल भित्री बाटो ढलान निर्माण
स्थान: पोखरा-१० दुचीमार्ग
योजना शुरु मिति : २०७८/१०/२२ गते
योजना सम्पन्न मिति : २०७८/१२/३० गते
योजनाको कुल लागत : रु. ७,७९,३७६।८८
महानगरपालिकाबाट प्राप्त रकम : रु.६,००,०००।-
जन सहभागितावाट : रु.१,५४,३००।
बढी खर्च: २५०७६।८८
उपभोक्ता समिति अध्यक्ष: किरण प्रसाद भट्टचन
उपाध्यक्ष: गौरी थापा, सचिव: निर्मला रेग्मी
कोषाध्यक्ष: दिल बहादुर राना
अनुगमन समिति संयोजक एवं वडा सदस्या: प्रतिभा वि.क. पोखरेल

**दुचीमार्ग दुचीटोल भित्री बाटो ढलान निर्माण उपभोक्ता समिति पोखरा -१०**

## नेपाल सरकार
## रक्षा मन्त्रालय
# श्री सैनिक आवासीय महाविद्यालय
## फुलवारी पोखरा

## चमेना क्यान्टिन संचालन सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०१/०७ गते**
सूचना नं. SAMP/078/79/07

१. यस सैनिक आवासीय महाविद्यालय, फुलवारी पोखरामा अध्ययनरत विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई गुणस्तरिय एवम् स्वस्थकर खाजाको व्यवस्था सुपथ मुल्यमा सरल र सहज रुपमा उपलव्ध गराउन ईच्छुक इजाजत प्राप्त कम्पनी/फर्म/संस्था/व्यक्तिहरुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनभित्र अर्थात मिति २०७९/०१/२१ गतेको कार्यालय समयभित्र आधिकारीक निवेदन सहित ना.प्र.प.प्रतिलिपी, स्थायी लेखा नं. दर्ता प्र.प.प्रतिलिपी, फर्म/कम्पनीको हकमा कम्पनी दर्ता प्र.प.को प्रतिलिपी, आ.व. ०७७/७८ को कर चुक्ता प्र.प.सहित सिलबन्दी प्रस्ताव दस्तुर रु.१ हजार मात्र (पछि फिर्ता नहुने गरी) तिरेर सिलवन्दी प्रस्ताव यस महाविद्यालयबाट खरिद गर्न सकिने छ । सिलवन्दी प्रस्ताव मिति २०७९/०१/२२ गतेको १२:०० बजेभित्र यस महाविद्यालयमा दर्ता गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. दर्ता हुन आएको सिलवन्दी प्रस्ताव मिति २०७९/०१/२२ गतेको १३:०० बजे यस महाविद्यालयमा खोलिने व्यहोरा समेत सुचित गरिन्छ ।

**सिलबन्दी प्रस्ताव सम्वन्धि विवरण**

| सि. नं. | विवरण | क्यान्टिन संचालन अवधी | भवन मर्मत सम्भार शुल्क बापत मासिक भुक्तानी गर्नुपर्ने रकम | स्वीकृत प्रस्तावदाताले सम्झौता गर्नु अगाडि महाविद्यालयको खातामा जम्मा गर्नुपर्ने धरौटी बापतको रकम | सिलवन्दी प्रस्ताव दस्तुर |
|---|---|---|---|---|---|
| १. | चमेना क्यान्टिन संचालन | २ बर्ष | १० हजार | ५० हजार | १ हजार |

३. साथै, सिलवन्दी प्रस्ताव खोलुवा मिति विदाको दिन परेमा सो को भोलिपल्ट खोलुवा गरिनेछ।
नोटः- कुनै दुविदा भएमा जानकारीको लागि महाविद्यालयको फोन नं. ०६१-५७७७४५ मा सम्पर्क गर्न सकिनेछ।

## नाम परिवर्तन भएको सूचना

यस स्पार्क बि. एण्ड डि. अस्पताल प्रा.लि. कम्पनीको मिति २०७८/१२/२२ मा बसेको विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु पर्ने अन्य ऋण, धन दायित्व एवं कर परिवर्तित नाम पञ्चम आयुर्वेद हस्पिटल प्रा.लि.ले सकार्ने व्यहोर्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरबाट मिति २०७८/१२/२९ को निर्णयअनुसार कम्पनीको नाम परिवर्तन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**स्पार्क बि.एण्ड डि. अस्पताल प्रा.लि.**

## आर्कषक घडेरी बिक्रीमा

लेखनाथ-३१ महोरिया बेगनास ताल नजिक अवस्थित आकर्षक घडेरी बिक्रीमा छ।
क्षेत्रफल: १८ X ४० को प्रति हात
२ लाख ६० हजार
३० X ४० को प्रति हात
२ लाख ५० हजार

**सम्पर्क:**
**९८१६१३४९६३**

# मनाङका स्याउ बगैँचा फुलेर सेताम्मे

-नवीन लामिछाने

मनाङ, ६ बैशाख (रासस)

हिमाली जिल्ला मनाङको वातावरण यतिबेला अति नै रमणीय देखिन्छ । जिल्लैभरि रहेका बगैँचामा स्याउका बोट फुलेर सेताम्मे भएपछि यहाँको वातावरण रोमाञ्चक देखिएको हो । मनाङ स्वादिलो स्याउ पाइने जिल्लाका रूपमा चिनिन्छ । त्यो स्वादिलो स्याउ फल्ने बोटका बगैँचाहरूमा फूल फुलेर अहिले सेताम्य भएको छ । चैत वैशाखमा स्याउ फुल्ने र असोज कात्तिकमा पाक्ने गर्छ ।

इटली र सर्भियाबाट स्याउका बिरुवा ल्याएर यहाँ रोपेको हो । स्याउका बिरुवा ल्याएर रोपेपछि सुरु भएको स्याउ खेती आजसम्म जिल्लाभरि फैलिएको छ । यहाँ चार स्थानीय तहमध्ये नार्पाभूमिबाहेक चामे, नाँसो र मनाङ डिस्याङ गाउँपालिकामा स्याउ खेती हुँदै आएको छ ।

अहिले मनाङमा तीन जातका स्याउ फल्ने गरेको कृषि विज्ञहरूको भनाइ छ । यहाँ गोल्डेन डेलिसेस, इटालिएन फुजी र गाला जातका स्याउ फल्ने गरेका छन् भने केही स्थानमा रैथाने र विकासे स्याउ पनि फल्न गरेका छन् । मनाङको स्याउले काठमाडौँ, पोखरा, लमजुङलगायत देशका ठूला सहरमा पनि निकै आकर्षक बजार लिएको छ । पछिल्लो समय जिल्लाबाहिर स्याउको माग पनि बढ्दै गएको छ भने मनाङे स्याउ पाए भने मन नपराउने भने कोही नेपाली छैनन् । पछिल्ला दिनहरूमा सडक सञ्जालसँग मनाङ जिल्ला जोडिएपछि स्याउ ढुवानीमा सहजता भएको किसानको भनाइ छ । जिल्ला डुम्रे-बैँसीसहर-चामे सडकखण्ड जोडिएपछि यहाँका किसान स्याउ खेतीतर्फ आकर्षित भएका छन् । आफूले फलाएको स्याउले सजिलै बजार पाउने र निर्यात हुने भएपछि किसान उत्साहित भएका हुन् । उनीहरू भन्छन्, "गर्नसक्यो भने मनाङको स्याउको इज्जत नै अर्कैछ, तर ठूला शहर बजार टाढै छन्, त्यसले गर्दा मुख्य समस्या ढुवानीमै छ ।" वर्षदिनमै उत्पादन दिने र राम्रो बजार पाइन थालेपछि स्थानीय बासिन्दा इटालियन स्याउतर्फ आकर्षित भएका हुन् ।

एग्रो मनाङले ७३५ रोपनी जग्गामा स्याउखेती गरेको छ । एग्रोले ६ वर्षअगाडि इटली र सर्भियाबाट स्याउका बिरुवा ल्याएर रोपेको हो । स्याउखेती गर्दै आएका एग्रो मनाङका समराज गुरुङले राम्रो उत्पादन भइरहेको बताउनुभयो । यो मनाङको हावापानी सुहाउँदो स्याउ भएको उहाँको भनाइ छ । स्याउ फर्ममा गाला, गोल्डेन र फुजी जातका स्याउ लगाइएको छ । "हरेक वर्ष स्याउको उत्पादन वृद्धि भइरहेको छ भने बिक्री वितरण गर्ने दर पनि वृद्धि भएको छ । राज्यले स्याउ खेतीलाई प्राथमिकता दिएको र यहाँका किसानले पनि मेहनत गर्ने भएकाले हरेक वर्ष मनाङमा स्याउ उत्पादन बढ्दै गएको छ", उहाँले भन्नुभयो ।

स्याउलाई स्टोर गर्न भ्राताङ, बैँसीसहर र काठमाडौँमा शीतभण्डार बनाएको छ । एग्रो मनाङले समुद्री सतहदेखि दुई हजार नौ सय मिटर उचाइको भ्राताङमा 'हाइडेन्सिटी' प्रविधिमार्फत स्याउ फलाएको हो ।

# एसइईमा संस्कृततर्फबाट नौ विद्यार्थी सहभागी हुँदै

पोखरापत्र संवाददाता

म्याग्दी, ६ बैशाख

यही वैशाख ९ गतेदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसइई)मा म्याग्दीमा पहिलो पटक संस्कृति विषयतर्फबाट विद्यार्थी सहभागी हुने भएका छन् ।

बेनी नगरपालिका-९ गलेश्वर स्थित जडभरत शालग्राम गण्डकी संस्कृत माविबाट नौ जनाले एसइईमा सहभागीता जनाउने शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख दलबहादुर थापाले जानकारी दिनुभयो । यस विद्यालयमा संस्कृत बिषयसमेतमा अध्यापन हुँदै आएको छ । यसैगरी उज्यालो वैकल्पिक विद्यालयबाट पाँच आमासमेतले परीक्षामा सहभागीता जनाउने छन् । परीक्षामा जिल्लाका विभिन्न पाँच प्राविधिक धारतर्फका १३१ विद्यार्थीले सहभागी जनाउने छन् । जिल्लामा कुल दुई हजार २४५ परीक्षार्थीमध्ये छात्र एक हजार ९५ र छात्रा एक हजार १५० छन् । परीक्षामा एक खुला विद्यालयसहित ७४ विद्यालयका विद्यार्थीले सहभागीता जनाउने कार्यालयले जनाएकोछ । परीक्षामा ग्रेड वृद्धिका लागि आठ जनाले सहभागी हुन लागेका छन् । जिल्लामा एसइई परीक्षा सञ्चालनको लागि नौ परीक्षा केन्द्र तोकिएको छ । परीक्षा सञ्चालनका लागि केन्द्राध्यक्ष नियुक्त गरी उनीहरूलाई अभिमूखिकरणसमेत गरी सम्बन्धीत परीक्षा केन्द्रको परीक्षा सञ्चालनको तयारीमा खटाइएको छ । यस वर्ष राष्ट्रिय परीक्षा बोर्डको परिपत्र बमोजिम सम्बन्धित परीक्षा केन्द्र रहेको विद्यालयका प्रधानध्यापकलाई नै केन्द्राध्यक्ष तोकिएको छ । परीक्षा सञ्चालनका लागि बेनीको प्रकाश मावि, बेनी सामुदायिक मावि, न्यू वेष्ट प्वाइन्ट आवासीय मावि, धवलागिरि मावि सिङ्गा, मंगला मावि बावियाचौर, जनप्रिय मावि दरबाङ, हेम मावि सिवाङ, मुक्तिधाम मावि भगवती र मुक्तिमार्ग मावि घारलाई परीक्षा केन्द्र तोकिएको छ ।

सदरमुकाम बाहिर रहेका परीक्षा केन्द्र नजिक रहेका प्रहरी चौकीमा प्रश्नपत्र र उत्तरपुस्तीका पठाउन सुरु गरिएको छ । परीक्षालाई मर्यादित र शान्त बनाउनका लागि जिल्ला परीक्षा समितिसँगै स्थानीय तहसमेतलाई सम्बन्धीत पालिकामा रहेका परीक्षा केन्द्रको अनुगमन गर्न अनुरोध गर्ने निर्णय गरिएको छ ।


## Provincial Government
## Ministry of Energy, Water Resources and Water Supply
## Water Resources and Irrigation Development Division
## Syangja, Gandaki Province, Nepal

# Invitation for Sealed Quotation

**(Date of first Publication: 2079/01/07)**

1. The Water Resources and Irrigation Development Division Office, Syangja (WRIDDO) invites sealed quotations from registered Firms for following works as on CDT.
2. Interested eligible bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of WRIDDO, Syangja, Tel No: 063-423175/ 9856050377.
3. Sealed Quotation Forms may be purchased by eligible firms, upto the 2079/01/21 of office time, from the following office on the submission of a written application and upon payment of a non-refundable fee of Rs.1,000.00 along with the copies of the bidder's registration, VAT registration certificates, income tax clearance up to FY 2077/078 or Tax return submission evidence or evidence of Tax clearance time extension. Self declaration of eligibility for bidding until the last date of submission.
   • Water Resources and Irrigation Development Division Office, Syangja Tel No: 063-423175
4. Sealed Quotations must be submitted to the WRIDDO, Syangja on or before 12:00 Noon of the date 2079/01/22 of the notice published. Quotation received after this deadline shall not be accepted.
5. Quotations must be valid for a period of 45 days counting from the day of bid opening and shall be valid for minimum 30 days beyond the bid validity period. Dharuti details:
   Name of the Bank: Nepal Bank Ltd.,Putalibazar, Syangja,
   Name of Office: Water Resource and Irrigation Development Division Office, Syangja.
   Office Code No. : 3400343014, Revenue Account No.: 27302000001001000001
   Dharauti Account No: Kha 2.3-07202000002003000001, PRADESH LEKHA EKAI KA SYA.D
6. Sealed Quotation shall be opened in the presence of firms' representatives who choose to attend at 2:00 PM of the date 2079/01/22 at the office of WRIDDO, Syangja.
7. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day.
8. The conditions, processes and procedures not mentioned in this notice shall be as per bidding documents, prevailing Public Procurement Act 2063, Public Procurement Regulation 2064, of Goverment of Nepal .
9. Contract Description Table (CDT) :

| S. No | Sealed quotation Id. | Description of Works | Estimated Amount NRs (excluding VAT and PS) | Bid Security NRs. | Remarks |
|---|---|---|---|---|---|
| 1. | SQ/WRIDDO /DISP /03/078-079 | Construction of Irrigation Canal and protection works at Dauwaphant Irrigation sub-Project, Walling Municipality-11, Syangja | 21,06,561.00 | 50,000.000 | |

Division Chief


# तनहुँ फुटबल संघमा २५ वर्षपछि नेतृत्व परिवर्तन

पोखरापत्र संवाददाता

पोखरा, ६ बैशाख

तनहुँ जिल्ला फुटबल सङ्घको अध्यक्षमा सत्यभक्त पालिखे निर्वाचित हुनुभएको छ । पालिखे छ मत ल्याएर अध्यक्षमा निर्वाचित बन्नुभएको हो ।

उहाँका निकटतम् प्रतिद्वन्द्वी सोम थापा मगरले चार मत पाउनुभएको थियो । अध्यक्ष पदका लागि सर्वसम्मत हुन नसकेपछि मतदानको प्रक्रियाबाट छिनोफानो गरिएको हो । २५औँ वर्षसम्म एउटै व्यक्तिले नेतृत्व गर्दै आएको उक्त संस्थामा आजदेखि नयाँ नेतृत्वले नेतृत्व सम्हालेका हुन् । अन्य पदमा भने सर्वसम्मत भएको निर्वाचन समितिका संयोजक यज्ञबहादुर रानाले बताउनुभयो । समितिको उपाध्यक्षमा हरि तिमिल्सिना, दिनेश केसी र भिजन श्रेष्ठ तथा महिला सदस्यमा सविता भट्टराई निर्विरोध निर्वाचित बन्नुभएको छ । समितिका सदस्यमा नलबहादुर दरै, विजय गुरुङ, चन्द्रबहादुर आले, सुरज थापा मगर, जयप्रकाश केसी, किशोर पन्त, प्रमोद वाग्ले, इन्द्र गुरुङ, ज्योति श्रेष्ठ, कुमार श्रेष्ठ चयन भएको निर्वाचन समितिका सदस्य चन्द्रकान्त वाग्लेले बताउनुभयो ।

नवनिर्वाचित अध्यक्ष पालिखेलाई निवर्तमान अध्यक्ष रत्नकुमार श्रेष्ठले माइन्युट हस्तान्तरण गर्नुभएको थियो । नवनिर्वाचित समितिका पदाधिकारीलाई खादा र माला लगाई सफल कार्यकालको शुभकामना दिइएको थियो । निवर्तमान अध्यक्ष श्रेष्ठले आफ्नो कार्यकाल २५औँ वर्षसम्म रहेको भन्दै केक काटेर एन्फाका पदाधिकारीलाई आगामी कार्यकालका लागि अगाडि बढ्न शुभकामना दिनुभएको हो ।

यसअघि अखिल नेपाल फुटबल सङ्घ (एन्फा) तनहुँको अधिवेशन नेपाली कांग्रेसका महासमिति सदस्य एवं नेविसङ्घका पूर्वमहामन्त्री आनन्दराज त्रिपाठीले उद्घाटन गर्नुभएको थियो । उहाँले नेपालका कुना कन्दरामा पनि फुटबलका राम्रा खेलाडी रहे पनि राज्यले पहिचान गर्न नसकेको बताउनुभयो ।

# मतदाता भन्छन्- रोजगारको आवश्यकता

-ध्रुवसागर शर्मा

म्याग्दी, ६ बैशाख (रासस)

स्थानीय तहको निर्वाचन आउन अब केवल २४ दिन मात्र बाँकी रहँदा हिमाली जिल्ला म्याग्दीमा पनि चुनावी रौनकले छोएको छ ।

राजनीतिक दलहरू उम्मेदवारको छनोटमा व्यस्त छन् भने छनोट भएका उम्मेदवारहरू आफ्नो पक्षमा भोट माग्न चुनावी प्रचारप्रसारमा व्यस्त देखिन्छन् । कामकोसिजनसुरुभएकालेग्रामीण भेगका मतदाताहरू बिहानदेखि खेतबारीमा बालीनालीको काममा व्यस्त हुन्छन् । मतदाताहरूलाई घरमा नभेटेपछि भोट माग्न गाउँ पुगेका उम्मेदवार र राजनीतिक कार्यकर्ताहरू मतदातालाई भेट्न खेतबारीमा नै पुगिरहेका छन् ।

विसं २०७४ को स्थानीय तहको निर्वाचनपछि लामो समयसम्म रिक्त रहेका स्थानीय तह (साबिकका गाउँपालिका, नगरपालिका) ले आफूले चुनेका जनप्रतिनिधि पाएपछि धेरै ठूलो परिवर्तनको आशा गरेका थिए । स्थानीयवासीको आशाअनुरुप विकासतर्फ सडक विस्तार भएर यातायातको सुविधा त प्राप्त भयो तर जनताको जीवनस्तरमा भने खासै ठूलो परिवर्तन हुन सकेन । स्थानीय उत्पादनको वृद्धि र गाउँमा रोजगारीको सृजना हुन नसक्दा गरिखाने उमेरका कैयौँ युवाहरू विदेशिन बाध्य भए ।

कोरोना महामारीका कारण विगत दुई वर्षको अवधिमा विकसित देशहरूमा पनि आर्थिक अवस्थामा गिरावट आएपछि रोजगारी गुमाएर गाउँ फर्किएका युवाहरू अहिले कोरोना सङ्क्रमणको अवस्था सामान्य बन्दै गएपछि पुनः वैदेशिक रोजगारीका लागि विदेश जाने तयारीमा छन् । एक नगरपालिका र पाँच गाउँपालिका गरी ६ वटा स्थानीय तह र ४५ वडा रहेको म्याग्दीमा धवलागिरि गाउँपालिकाको गुर्जाबाहेक अरू ठाउँमा सडकको पहुँच पुगेको छ । विगतका पाँच वर्षमा जिल्लामा १६० वटाभन्दा बढी ग्रामीण सडक विस्तार भएका स्थानीय तहहरूको तथ्याङ्कले देखाएको छ । सडक निर्माणका लागि मात्रै स्थानीय तहको ६८ प्रतिशत, प्रदेश र सङ्घीय सरकारको ४२ प्रतिशत जिल्लामा आउने बजेट खर्च भएको देखिए पनि सडकले केही सुविधा त दिएको छ तर जनताको जीवनस्तरमा भने खासै परिवर्तन ल्याउन नसकेको स्थानीयवासीले बताएका छन् । अबको पहिलो प्राथमिकता उत्पादनमुखी काम र रोजगारी सृजना उत्तरी म्याग्दीको रघुगङ्गा गाउँपालिका-४ दर्मिजाका ८९ वर्षीया कलीमाया गर्बुजा र उहाँका श्रीमान् ९१ वर्षीय मेख गर्बुजा घरमा श्रीमान्/श्रीमती मात्र हुनुहुन्छ । दुईतले ढुङ्गेघरका दलिन र खाँवाहरू मक्किन लागेका छन् । आँगन र पिँढीमा झार उम्रेको छ । छोरा बुहारी, नातिनातिनी रोजगारका लागि विदेश छन् भने कोही अध्ययनका लागि सहरमा झरेका छन् । गत साल मात्रै सडक सुविधा पुगेको दर्मिजामा धेरैजसो युवाहरू कामको खोजीमा विदेश गएपछि घरमा बूढाबूढी मात्र छन् । गाउँमा बूढाबूढी, बुद्यौलीले छुन लागेका र १६ वर्षभन्दा कम उमेरका बालबालिकाहरू मात्र बढी देखिन्छन् । आफ्नै वडामा ठूलो जलविद्युत् आयोजना निर्माण भइरहेको छ । भारतीय मूलका कामदारहरूले काम गरिरहेका छन् तर स्थानीयवासीले त्यहाँ काम नपाइएपछि झोला बोकर खाडी मुलुकमा जान बाध्य भएको स्थानीयवासी रणबहादुर पुर्जाले बताउनुभयो । "बाटो खुल्यो, गाडी गुड्यो तर गाडीमा चढ्ने पैसा हुँदैन, गाउँमा रोजगारी छैन, विदेशबाट छोरा, नातिले पठाइदिने पैसाले जीवन चलेको छ", ६८ वर्षीय पुर्जाले भन्नुभयो, "कहिले ७० वर्ष पुगिएला र सरकारी भत्ता खान पाइएला जस्तो भएको छ ।"

म्याग्दीको ग्रामीण क्षेत्रमा ९२ प्रतिशतभन्दा बढी मतदाता छन् । प्रायः मतदाताले अब बन्ने स्थानीय सरकारसँग आफ्नै गाउँमा रोजगारी र उत्पादनमूलक विकासको माग गरेका छन् । पश्चिमी म्याग्दीको धवलागिरि गाउँपालिका-७ का सोमबहादुर विकले भोट माग्न गाउँमा आउने उम्मेदवारलाई रोजगारी दिन्छु भनेर वाचाकबुल गराएर मात्र भोट दिने बताउनुभयो । "डोजर, स्काभेटरलगाएर अब सडक खन्ने होइन, जनता रोजगार हुने खालको कार्यक्रमहरू ल्याउनुपर्छ, उत्पादनमुखी र आयआर्जनमूलक कामका लागि सरकारी बजेट खर्च गर्नुपर्छ", उहाँले भन्नुभयो ।

# बेनी-जोमसोम सडकमा 'टाइमकार्ड'

पोखरापत्र संवाददाता

बेनी, ६ बैशाख

म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडक दैनिक चार घण्टा यातायात बन्द गरिने भएको छ ।

म्याग्दी र मुस्ताङको सीमा क्षेत्रमा पर्ने काभ्रेभिर-घाँसा खण्डमा विस्फोटक पदार्थको प्रयोग गरी पहाड फुटाएर सडक विस्तार गर्न २०७९ वैशाख ७ देखि २० गतेसम्म दैनिक चार घण्टा सवारी साधन आवतजावत बन्द गर्न लागिएको हो । मुस्ताङका सहायक प्रमुख जिल्ला अधिकारी रामचन्द्र ढकालले घाँसा-काभ्रेभिर खण्डमा दिउँसो ११ देखि ३ बजेसम्म सवारी साधन आवतजावत बन्द गरेर सडक विस्तारको काम गर्ने निर्णय भएको जानकारी दिनुभयो । यसअघि गत माघ १० गतेदेखि बेनी-जोमसोम सडकमा लागू गरिएको यातायात सञ्चालनको 'टाइमकार्ड' चैतै दसैँमा मुस्ताङ जाने आउने तीर्थयात्री र पर्यटकको चाप बढेपछि चैत १५ गतेदेखि हटाइएको थियो । बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले सडक निर्माणको कामलाई तीव्रता दिन र सुरक्षालाई ध्यानमा राखेर सवारी साधन र काम गर्ने समयतालिका बनाइएको बताउनुभयो । विसं २०७४ मा सुरु भएको चीनको स्वशासित क्षेत्र कोरला नाका जोड्ने २०० किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडक आयोजनाको १२ वटा खण्डमा निर्माण भइरहेको छ ।

हालसम्म मुस्ताङको छवटा खण्ड निर्माण सकिएको आयोजनाको भौतिक प्रगति करिब ७० प्रतिशत छ । ११० किलोमिटर दूरीको जोमसोम-कोरला खण्डको सातमध्ये छवटा खण्डको सडक ग्राभेल गरेर ठेकेदारले हस्तान्तरण गरिसकेका छन् । ७६ किलोमिटर दूरीको बेनी-जोमसोमको चारवटामध्ये एकवटा प्याकेजको कालोपत्र सकिन लागेको र अर्को प्याकेज कालोपत्रको तयारीमा छ ।

आठवटा मोटर चल्ने पुल निर्माण सकिएका छन् । थप एकवटा निर्माणको अन्तिम चरण र १२ वटा निर्माणाधीन रहेका छन् । थप पाँच ठाउँमा पुल निर्माणको प्रस्ताव गरिएको आयोजनाले जनाएको छ । आयोजनाअन्तर्गत बेनी-मालढुङ्गा सडक स्तरोन्नतिका लागि वैशाख ३ गतेदेखि दैनिक पाँच घण्टा बन्द गर्न थालिएको छ ।

२०७९ साल वैशाख २५ गतेसम्म दैनिक पाँच घण्टा सवारी आवतजावत बन्द गरिनेछ । बिहान ११ देखि दिउँसो ४ बजेसम्म मालढुङ्गा-बेनी सडकमा यातायात बन्द गरिएको आयोजनाले जनाएको छ ।